# प्रदेश सभा

# अर्थ विकास तथा प्राकृतिक स्रोत समिति

सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली

**वैठक संख्या :- २५**

मिति २०८०।११।१९

## <u>छलफल तथा निर्णय</u>

<u>निर्णयहरु</u> :

१. समितिको क्षेत्राधिकारभित्र पर्ने ३ वटा मन्त्रालय र मातहतका निकाय समेतले सञ्चालन गर्ने कार्यहरुको बारेमा आवश्यक पर्ने स्थलगत अध्ययन अवलोकन भ्रमण, अन्तरक्रियात्मक कार्यक्रम, क्षमता अभिवृद्धि सम्बन्धी कार्यहरु, तालीम, गोष्ठी, सम्मेलन आदि कार्यहरु गर्नका लागि एवं समितिको काम कारवाहीलाई प्रभावकारी तथा उपयोगी बनाउनका लागि आवश्यक पर्ने विभिन्न प्रविधि, उपकरण लगायतका उपयोगी भौतिक सामग्रीहरु र समितिबाट आयोजना हुने अभिन्न कार्यक्रमका लागि सचिवालयसँग पत्राचार गर्ने तथा नेपालस्थित विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्थाहरुबाट समेत सहयोग उपलब्ध हुने भएमा समितिको आवश्यकतानुसार त्यस्ता सहयोग लिने निर्णय गरियो ।

२. समितिको विभिन्न बैठकबाट प्रदेश सरकार र निकायहरुलाई दिईएको निर्देशन तथा निर्णयहरुको कार्यान्वयनय पक्ष धेरै कमजोर रहेको पाईयो । जसले गर्दा सरकार र त्यसका प्रतिनिधिहरु संसद र समितिप्रति जवाफदेही नहुने देखिएको हुँदा सो सम्बन्धमा समिति सचिवले सम्बन्धित पक्षहरुसँग निरन्तर ताकेता गरी समितिको अर्को बैठकमा पेश गर्ने निर्णय गरियो ।